# SCHOOLS' ALLIANCE FOR ACADEMIC TRANSFORMATION
## SAAT

SAAT1021

### पुर्व आधारभूत शिक्षा परिक्षा-२०८२

विषय: नेपाली | समय: २:०० घण्टा | पूर्णाङ्क: ५०

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** २

| द्विविधा | जख्खड | आरोग्य | निराकरण | दफा |
|---|---|---|---|---|

क. तन्दुरुस्ती ............................

ख. ऐन, विधान आदिको धारा ............................

ग. अलमल ............................

घ. समाधान गर्ने उपाय ............................

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** २

क. 'बाटो' को उस्तै अर्थ दिने शब्द ............................ हो । (माटो, सडक, ढुङ्गा)

ख. 'गर्व' को श्रुतिसमभिन्नार्थी शब्द ............................ हो । (गर्भ, गौरव, पूर्व)

ग. 'उत्थान' को उल्टो अर्थ दिने शब्द ...................... हो । (पतन, उकास्नु, उन्नति)

घ. 'आगो बालिने ठाउँ' जनाउने सिङ्गो शब्द ............. हो । (अँगार, अगुल्टो, अगेनो)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** २

क. सातोपुत्लो जानु : ख. निधुक्क :

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

क. किरातवंश, किराँतवंश, किराँतवंस, किराँतबस

ख. प्रसङ्ग, प्रसंग, प्रशङ्ग, प्रशंग

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

संयोगले हामी दौँतरी मूलुकको पूर्व पशिचम, उत्तर र दक्षीणका परेछौ ।

**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** २

उसको भाषणलाई हाकिमले केही बुझेको थियो, केही बुझेको थिएन तर उसको भाषणले जादुको नै काम गरेको थियो ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** २

क. विद्यार्थीहरू मैदानमा फुटबल ......................... । (खेल्: सामान्य भविष्यत)

ख. म मुस्ताङ ............................ ।(जा : अपूर्ण भूत)

ग. हामीले जनकपुर ............................ । (घुम्: सम्भावनार्थ)

घ. भाइले नेपाली पाठ ............................ । (पढ्: इच्छार्थक)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ३

क. दिदी बजार जानुहुन्छ । (पुलिङ्ग)

ख. मैले पुराना साथीहरू भेटेँ । (अकरण)

ग. रेशमले मौरी पाल्छन् । (कर्मवाच्य)

९. **दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** ३

विदेशी मुद्राका तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो । देश विकासको लागि यो एउटा ठुलो चुनौती पनि हो । पहिलपहिले हुने सरसामान साटासाटको सट्टामा हिजोआज मुद्राको प्रचलन भएकोले व्यापार निकै सहज भएको छ ।

**प्रश्नहरू :**

क. अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक-एकओटा शब्द लेख्नुहोस् ।

ख. अनुच्छेदबाट एक-एकओटा द्वित्व र समस्त शब्द लेख्नुहोस् ।

ग. अनुच्छेदमा रेखाङ्कन गरिएको पदको कारक र विभक्ति लेख्नुहोस् ।

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

परिवर्तन आफैँबाहेक यस संसारका सबै वस्तु परिवर्तनशील छन् । समयको मागअनुरूप आफूलाई परिवर्तन गर्न नसक्नेहरू कि त हराएर गए कि त वर्तमान परिदृश्यबाट टाढा रहेर एक्लो एकान्तमा बस्न बाध्य भए । परिवर्तनलाई आत्मसात् गर्न नसक्ता नै डायनासोर जस्ता विशाल र भीमकाय शक्तिशाली जीवले समेत आफ्नो अस्तित्वको सङ्कट भोग्नुपरेको वास्तविक इतिहास हाम्रासामु छ । यसै कारणले नै कतिपय सभ्यता समयको गर्भमा विलुप्त हुन पुगे भने कतिपय नयाँ सभ्यता अन्धकारका काला गुफालाई चिर्दै अगाडि देखा परे । यसर्थ परिवर्तनको आह्वानलाई आत्मसात् गर्दै समयको गतिमा अगाडि बढ्नुलाई बुद्धिमानी ठानिएको हो । यसो गर्न नसक्नेहरू समयको धेरै वर्षपछाडिका यात्रामा आफूलाई कछुवागतिमा घस्रिरहेको पाउँछन् । यो समयको प्रमाणित सत्य भइसकेको छ ।

**प्रश्नहरू :**

क. परिवर्तन नहुनेहरूको अवस्था के भयो ?

ख. डायनासोरले किन आफ्नो अस्तित्वको सङ्कट भोग्नुपर्‍यो ?

ग. कसले आफूलाई कछुवागतिमा घस्रिरहेको पाउनेछन् ?

घ. "परिवर्तन आफैँबाहेक यस संसारका सबै वस्तु परिवर्तनशील छन् ।" भन्नुको तात्पर्य के हो ?

११. **दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गरी सारांशसमेत लेख्नुहोस् ।** ४

प्रातःकालको समय, केही परेवा छानामा झुल्के घाम तापिरहेका थिए । छिन छिनमा चोकको बिचमा उभिएको भोगटेको फूलको बास्ना हरर आइरहेको थियो । भाजुलालको घर तडकभडकरहित उनको जीवन जस्तै सादा थियो । पुरानो कलात्मक एउटा खटियामाथि उही मुर्तिलाई राखेर उनी टुलुटुलु हेरिहेका थिए, एक मन, एक बुद्धि, एक चित्तले । यत्तिकैमा तल्लो भर्‍याङबाट आवाज आयो, "शिल्पकार कहाँ हुनुहुन्छ ?" भाजुलालले भक्तको स्वरले चिने । मुखले चाहिँ माथि पाल्नोस् भने, हातले चाहिँ हत्तपत्त त्यस मूर्तिलाई सिरानमूनि लुकाए । भक्तले माथि आइपुग्नासाथ शिल्पकारको अनुहार हेर्दै उत्सुकताले भरिएको वाणीमा सोधे, "मूर्ति बनाइसकियो ?" भाजुलालको हृदयमा द्वन्द्व चल्यो । सकियो भनूँ, खै लेऊ भन्छन् । दिऊँ, कसरी दिऊँ ? सकिएको छैन भनूँ, झुटो कसरी बोलूँ ? सोचविचार गरेर उनले भने, "१५ दिनपछि आउनोस् भनेको १० दिन पनि पुगेको छैन ।"

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **३**

**क) दिएको बुँदाहरुको आधारमा एउटा जीवनी तयार पार्नुहोस् ।**

नाम : विक्रमपवन परियार
आमाबुवा : सुकुमाया र गोपाल नेपाली
जन्ममिति : २०४३/०५/२० गते
जन्मस्थाल : रामेछाप जिल्ला, सुनापति गाउँपालिका वडा नं. ४ बेधान
शिक्षा : प्रवीणता प्रमाणपत्र तह (१२)
पेसा : नेपाली सेना
प्रकाशित कृति : जलेको मुटु (२०६८, गजलसङ्ग्रह), मौन सालिक (२०७१, खण्डकाव्य), दर्जनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित
गीतहरू (म्युजिक भिडियोसहित)
: सुस्ता घट्यो(२०७४), मृत्यु शैया (२०७४), जिन्दगीमा आयौ (२०७४)
सम्मान/पुरस्कार : श्री कुशेश्वर माध्यमिक विद्यालयबाट सर्जक सम्मान (२०८०)
: सुनापति प्रज्ञा-सम्मान (२०८०) आदि
: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम (२०७७)
प्रवृत्ति : देशभक्तिमा आधारित गद्य कविता लेख्नु
: असमानताका विरुद्ध आवाज उठाउनु
: प्रतिकात्मक अभिव्यक्ति दिनु ।

**क) "अनुशासनको महत्व" शीर्षकमा दुईजना साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **३**

क. आफ्नो टोलमा बाटो बिग्रिएकाले आफ्नो नगरपालिका / गाउँपालिकालाई बाटो मर्मत गराइदिन टोलबासीका तर्फबाट तयार गरिएको एउटा निवेदनको नमुना लेख्नुहोस् ।

ख. जनता माध्यमिक विद्यालय, थानकोट, काठमाडौंमा लामो समयदेखि अध्यापन गर्दै आउनुभएकी रञ्जना खनाल गुरुआमालाई अवकाश हुँदाको अवसरमा विद्यालयले दिने सम्मानपत्रको नमुना प्रस्तुत गर्नुहोस् :

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** **३**

क. नेपालका कैयौं पदमार्ग प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण छन् ।

ख. सगरमाथा आरोहण र जीवनयात्रा उस्तै हो ।

**१५. दिइएको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** **४**

राती बेसरी हावा लाग्यो । हाम्रा त्रिपाल हावाले उडाउला जस्तै भए । बिहान त पातलो हिउँ परेछ सर्वत्र । बिहानै हामी बाटो लाग्यौं । ५,३०० मिटरको सेला पास थियो बाटोमा । यो भञ्ज्याङमा पुग्दा दिउँसो भइसकेको थियो । भोकले कटक्क पेट काट्यो । वरिपरि अनौठा अनौठा ढुङ्गेनी चुचुरा हिउँ लुकाएर ठडिएका थिए । तिखा सुइरा जस्ता ती थुम्का काला, खैरा र फुस्रा रङ्का देखिन्थे । पूर्वतिर धौलागिरि र पुथा हिउँचुलीको सुन्दरता अद्भुत र अगणित थियो । उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो ।

**प्रश्नहरू:**

क. नियात्राकारले कुन क्षेत्रको भ्रमणका सन्दर्भमा यी कुरा गरेका हुन् ?

ख. ढुङ्गेनी चुचुराहरू के कसरी ठडिएका छन् ?

ग. गद्यांशमा उल्लेख गरिएको परिवेश कस्तो देखिन्छ ?

घ. यस गद्यांशको मुख्य भाव लेख्नुहोस् ।

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् :** **५**

**क. दिइएको निबन्धको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन अर्थतन्त्र सबल हुनुपर्छ । महँगा मोटरगाडी, मोबाइल, टेलिभिजन जस्ता विलासी वस्तुको आयातलाई निरुत्साहित गर्नुपर्छ । बरु यस्ता वस्तुलाई स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली विद्यार्थी विदेश अध्ययन गर्न गएका कारणले भइरहेको स्वदेशी मुद्राको वहिर्गमनलाई रोक्नुपर्छ ।

**अ. नेपालको अर्थतन्त्र सबल बनाउन के कसरी सकिएला ? चर्चा गर्नुहोस् ।**

**ख. दिइएको कवितांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

उम्रन्न वोट कसैले विउ छरेर नगए<br>
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

**अ. 'सहिदहरूको सम्झनामा' कविताले नेपालको परिवर्तनमा विचार र व्यवहार दुवैलाई कसरी महत्व दिएको छ, समीक्षा गर्नुहोस् ।**

**१७. कुनै एक शीर्षकमा १२५ शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **५**

क. म र मेरो देश

ख. खेलकुद र स्वास्थ्य

ग. समाजसेवा

❑❑❑❑